बर्दिवास नगरपालिकाको प्रथम नगरपरिषद्को निर्णय तथा आ.ब. २०७१/२०७२ को लागि पारित बजेट, नीति तथा कार्यक्रम र आ.व. २०७२/२०७३ को प्रस्तावित योजना तथा कायक्रम बर्दिवास नगरपालिकाको निमित्त कार्यकारी अधिकृत श्री चन्द्रप्रसाद अधिकारी द्धारा प्रस्तुत.......................................

## बजेट सारांश

**श्रीमान् प्रमुख अतिथि ज्यू ,**

**श्री बिशिष्ठ अतिथि ज्यू ,**

**श्री अतिथि ज्यूहरु ,**

**श्री राजनैतिक दलहरुका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,**

**नागरिक समाजका प्रतिनिधिज्यूहरु,**

**समाजसेवी, बिकासप्रेमी ज्यूहरु,**

**सुरक्षा निकायका प्रमुख तथा पदाधिकारी ज्यूहरु,**

**पत्रकार ज्यूहरु, उपस्थित महिला तथा सज्जनवृन्दहरु,**

**नगरपालिका कर्मचारी साथीहरु,**

नेपाल सरकारबाट नवगठित यस बर्दिवास नगरपाकिाको प्रथम नगरपरिषद सार्वजनिकीकरण कार्यक्रम तथा सभामा बर्दिवास नगरपालिकाको आ.ब.२०७१/२०७२ को बार्षिक बजेट नीति तथा ०७२/०७३ को प्रस्तावित योजना तथा कार्यक्रम प्रस्तुत गर्न अवसर प्राप्त भएकोमा हामी अत्यन्त खुशी भएका छौ । यस समारोहमा हाम्रो निमन्त्रणलाई स्वीकार गरि उपस्थित भई शोभा बढाइ दिनु भएकोमा उपस्थित सर्म्पूण महानुभावहरुमा बर्दिवास नगरपालिकाको तर्फबाट हार्दिक स्वागत एवं सम्मान ब्यक्त गर्न चाहन्छौ ।

आजको यो समाहरोमा सर्वप्रथम देशमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्न विभिन्न कालखण्डमा भएको ऐतिहासिक संघर्ष र जनआन्दोलनमा देश र जनताको लागि आफनो प्राण उत्सर्ग गर्नुहुने संम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छौ । तथा वहाहरुको आत्माको चीर शान्तिको कामना गर्दछौ

आ.ब. २०७१/२०७२ को बजेट नीति तथा कार्यक्रम र २०७२/०७३ को प्रस्तावित योजना तथा कार्यक्रम तर्जुमा गर्दा स्थानिय स्वायत्तशासन ऐन २०५५ र नियमावलि २०५६ नगरपालिका अनुदान संचालन कार्यविधि २०६९ तथा नेपाल सरकार द्धारा प्राप्त नीति,निर्देशन बमोजिम योजना तर्जुमा प्रकृयालाई अवलम्बन गरेका छौ । योजना तर्जुमा गर्दा एकीकृत योजना तर्जुमा समिति, विभिन्न राजनैतिकदलका प्रतिनिधि तथा स्थानिय स्तरका समाजसेवी, नागरिकअगुवा समेतको निर्णय र सुझावहरु समेटिएको ब्यहोरा निवेदन गर्न चाहन्छौ । यसका साथै गत विगतमा गांऊ परिषदले नागरिक वडामंच बाट निर्णय भई आएको योजनाहरु प्राथमिकताको आधारमा एकीकृत योजना तर्जुमा समितिले सिफारिस गरी आगामी आ.ब.को लागि प्रस्ताव गरेका योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखीएको छ ।

## उपस्थित महानुभावहरु,

यस नगरपालिका नगरवासीहरुको विकासको चाहना एवं अपेक्षा असिमित रहेको छ । हामी संग श्रोत र साधन सिमित रहेको छ । सिमित श्रोत साधन तथा स्थानिय स्तरका जनशक्तिलाई सुब्यबस्थित रुपमा संचालन तथा परिचालन गर्नुपर्ने चुनौती हामी सामु रहेकोछ । तथापी हाल रहेका कर्मचारीद्धारा शुशासन सहितको प्रभावकारी सेवा पुराउनु बाध्यात्मक अवस्था रहेको छ । बर्दिवास,गौरीवास,किसाननगर र माईस्थान गा.वि.स.लाई समेटी नेपाल सरकार मन्त्रिपरिषदको २०७१ मंसीर १६ गतेको निर्णयबाट यस बर्दिवास नगरपालिका गठन भएकोमा मिति २०७१ मंसीर २८ गते घोषणासभाबाट विधिवत कार्यन्वयनमा आएको हुदा बर्दिवास नगरपालिकाको तर्फबाट नेपाल

सरकारलाई धन्यवाद दिन चाहन्छौ । नगरपालिका संचालन तथा कार्यालय ब्यबस्थापनको लागि नगरपालिकाको नाममा कुनै नगद तथा जिन्सी र थप कर्मचारी प्राप्त नभएको हुदा तत्कालिन बर्दिवास गा.वि.स.कार्यालय भवनमा न. पा. कार्यालय, गौरीवास, माईस्थान, किसाननगर गा.वि.स. कार्यालय भवनमा संयुत्त वडा कार्यालय तत्कालीन गा. वि. स. मा रहेको श्रोत र साधनबाट कार्यालय व्यबस्थापन गरि नियनित सेवा प्रवाह  सुचारु गरिएको जानकारी गराउन चाहन्छु ।

नवघोषित नगरपालिकाको तिव्रगतिमा बिकास गर्न र भावी पुस्तालाई सुन्दर र समृद्ध नगरको रुपमा प्रदान गर्न हामीले योजनाबद्ध रुपमा बिकासको थालनीगर्नु पर्ने छ । यसका लागि आपसी सहमतिका साथ बजेटमा भएका कार्यक्रमहरुलाई वास्तविक कार्यन्वयन गर्न गराउन र स्थानिय जनता (नगरवासी) लाई विकासको हकदार बनाउने तर्फ सवैको सहयोग रहनेछ भन्ने हामीले विश्वास लिएको छौ ।

## उपस्थित प्रमुख अतिथि,अतिथि लगाएत संम्पूर्ण महानुभावहरु,

अब म बर्दिवास नगरपालिकाको परिषद्ले आ.ब.२०७१/२०७२ कोलागि  स्वीकृत गरेको  नीति तथा कार्यक्रमहरु र आ.व. २०७२/२०७३ का लागि प्रस्तावित गरेको  योजना तथा कार्यक्रम  प्रस्तुत गर्न गई रहेको छु ।

## नीति तथा कार्यक्रमहरु,

## कार्यालय प्रशासन र कर्मचारी व्यबस्थापन

१. प्रत्येक शाखामा हुने दैनिक कामको रेकर्ड राख्न फाइलिग प्रणाली तथा ब्यवस्थापन समयानुकुल सुधार गर्दै लग्नुको साथै कार्यालय संगठन, शाखा, उपशाखा र कर्मचारीको कार्य विवरण अध्यावधिक गरि लागू गरिने छ ।

२. कर्मचारीको क्षमता बिकास गरि कार्य सम्पादनको गुणस्तर अभिबृद्धि गरिने छ ।

३. कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त बनाई जनताको सेवाप्रति उत्तरदायित्व र जवाफदेही बनाउनको लागि पुरस्कार तथा डण्डको नीति कडाइका साथ अवलम्बन गरिने छ । प्रत्येक बर्ष कन्तिमा १ जना कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत गरिने छ भने पुरस्कारको राशी वोर्डले तय गर्ने छ ।

४. बर्दिवास नरपालिकामा स्थापना भई  कार्यरत सरकारी तथा गैरसरकारी संघ, सस्थाहरुको कार्यक्रम र प्रगति विबरणको विषयमा नगरपालिकाको बैठकमा छलफल हुने ब्यवस्था गरिने छ ।

५. तत्कालिन गा.वि.स.का कर्मचारी हरु लाई नगरपालिकाको कर्मचारीमा समायोजन गरिने र विभिन्न पदमा कार्यरत कर्मचारीलाई नेपाल सरकारले तोके बमोजिमको तलब भत्ता र  पोशाक वापतको रकम उपलब्ध गराईने छ । साथै  तोकिए बमोजिमको  पोशाक तथा परिचय पत्र अनिवार्य लगाउने व्यबस्था गरिने छ ।

६. नगरपालिकाको कर्मचारी आचारसंहिता निर्माण गरि यहि अर्थिक वर्ष ०७१/०७२ देखि कार्यान्वायनमा ल्याई लागू गरिने छ ।

७. बर्दिवास नगरपालिकाको  नागरिक वडा पत्र प्रकासन गरिने छ र नागरिक वडा पत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयभित्र सेवा  दिन न.पा. प्रतिबद्ध रहने छ

८. संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय बाट स्वीकत कर्मचारी दरबन्दी अनुसार कर्मचारी पदपुर्ति समिति ऐनमा ब्यवस्था भए अनुसार गठन गरि संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय संग सहमति लिई कर्मचारी भर्ना प्रकृया अगाडी बढाइने छ ।

## शुसासन र पारदर्शिता

१. नगरपालिकाको आय तथा ब्यय बिवरण प्रत्येक महिनाको ७ गते भित्र चौमासिक तथा बार्षिक प्रगति विबरण विभिन्न सुचना मार्फत सार्वजनिक र त्यसको समिक्षा गर्ने ब्यवस्था मिलाईने छ ।

२. ब. न. पा. को गतिविधिलाई विधुतिय संचार (एफ.एम) को माध्यमबाट सार्वजनिक गर्ने कार्य शुरुवात गरिने छ ।

३. ब. न. पा. को बेभसाईट निर्माणको लागि पहल गरिने छ ।

४. ब. न. पा. को दैनिक आर्थिक कारोवार सफ्टवेयर मार्फत गर्न व्यवस्था मिलाईने छ ।

६. न.पा.बाट संचालन हुने विकास निर्माण योजना तथा कार्यक्रमहरुको सुचना सरोकारवाला व्यक्तिले माग गरेमा तुरुन्त उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

७. नगरपालिकाले संचालन गरेका योजना, कार्यक्रम , सेवा सुविधा लाइ प्रभावकारी तथा पारदर्शि बनाउन कम्तिमा २( दुई ) पटक १ बर्षमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिने छ ।

८. ब. न. पा. ले गरेको गतिविधिलाई निशुल्क नगरवासीहरुलाई पत्रिका मार्फत सुसुचित गरे वापत बर्दिवासबाट र महोत्तरी जिल्लाबाट प्रकासन हुने दैनिक तथा साप्ताहिक पत्रिकालाइ सार्वजनिक कार्यक्रम मार्फत बर्षमा १ पटक पुरस्कृत गर्ने व्यवस्था गरिने छ ।

## आर्थिक प्रशासन

१. कान्जीहाउस संचालनमा ल्याई छाडा छाडेको चौपायहरुले हानी नोक्सानी गरेमा चौपाया धनीबाट निर्णय अनुसार जरिवाना अशुल गरिने छ भने सोही रकम मध्ये बाट हानी नोक्सान पुग्ने व्यक्तिलाई क्षति पुर्ति उपलब्ध गराइने छ ।

२. पुर्व गा.वि.स.को आर्थिक कारोवारमा अशुल उपर हुन बाँकी पेश्की तथा वेरुजू रकम फछ्र्योट तथा अशुल उपर गर्न अधिकार सम्पन्न समिति निर्माण गरि संम्बन्धित व्यक्ति तथा संघ सस्थाहरु संग समन्वय गरि अशुल उपर गरिने छ ।

३. नेपाल सरकारको निर्णयले कुनै पनि आर्थिक सहायता दिन नपाईने व्यवस्था भएकोले उल्लेखित व्यवस्थालाई अवलम्बन लागू गरिने छ ।

४. राजस्व परामर्श समिति तथा अन्य समिति उप समितिका सदस्यहरुलाइ ऐन नियममा उल्लेखभए बमोजिमको न.पा.संचालक समितिका सदस्यहरुले पाउने बैठक भत्ता सरहको रकम उपलब्ध गराइने छ ।

५. न.पा.को सवारी साधन प्रयोग गर्दा खर्चहुने इन्धन सवारी लकबुक लगतको आधारमा भुक्तानी दिने नीति लागू गरिने छ ।

## कर तथा राजस्व

१. नगरपालिकाको राजस्वको क्षेत्र पहिचान गरि आन्तरिक श्रोत बृद्धिगर्न लाइ नियमानुसार गठित राजस्व परामर्श समितिको सिफारिस अनुरुप रणनिति तयगरि आन्तरिक श्रोत बृद्धि गरिने छ ।

२. व्यवसाय कर संकलनको लागि उधोग वाणिज्य संघको प्रतिनिधि, न.पा. को प्रतिनिधि र स्थानिय प्रशासनको उपस्थितिमा स्थलगत टोलीले निरिक्षण गरे पश्चात पुजी लगानीको आधारमा व्यवसाय कर तोकि ऐनमा व्यवस्था भए अनुसार अशुल उपर गरिने छ ।

३. सवै भन्दा बढी न.पा.लाइ कर तिर्ने करदातालाइ सम्मान गर्ने नीति अवलम्बन गरिने छ ।

४. न.पा.क्षेत्र भित्र दर्ता नगरि संचालनमा रहेका व्यवसायहरुलाइ दर्ता गरि करको दायरामा ल्याइने छ ।

५. न.पा. क्षेत्रभित्र रहेको सार्वजनिक जग्गा,पोखरी,हाटबजार लगाएत सम्पूर्ण सार्वजनिक सम्पति खोजविन गरी न.पा. को स्वमित्वमा ल्याउन अध्ययन प्रतिवेदनको लागि कार्यदल गठन गरिने छ सोको प्रतिवेदनको आधारमा कार्यन्वयनमा ल्याइने छ ।

६. यस नगर क्षेत्रमा पटके पसल तथा हाटबजार र अन्य सार्वजनिक सम्पति न.पा. बाहेक अन्य संघ संस्था तथा अन्य निकायले ठेक्का बन्दोवस्त गरि सोको आम्दानी लिइ रहेकोमा सो लाइ रोकी सम्पूर्ण आम्दानी न.पा.लाइ हुनेगरि एकद्धार प्रणालीबाट राजस्व परिचालन गरिने व्यवस्था सुनिश्चित गरिने छ ।

७. न.पा. गठन पुर्व निर्माण भएका पक्की घरहरुको नक्सा पास र कार्यसम्पन्न नभएकोहुदा उक्त घरहरुलाइ करको दायरामा ल्याउनको लागि समयसिमा तोकि दस्तुरमा केहिछुट दिइ सवे निर्मित घरहरुको नक्सा पास गराउने नीति अवलम्बन गरिने छ ।

८. न.पा.बाट प्रदान गरिने देनिक सेवा सुविधालाइ आन्तरिक आय बृद्धिगर्न , राजस्वको पारदर्शिता कायम गर्न, राजस्व शाखा संग आवद्ध गरिने छ ।

९. ब्यवसाय कर बाट अशुल उपर भएको केहि रकम सोही ब्यापार क्षेत्रको बिकास कार्यको लागि उद्योग बाणिज्य संघलाइ बोर्डको निर्णयले कार्यक्रम संचालनको लागि उपलब्ध गराइने छ ।

१०. माथि उल्लेखभएका सम्पुर्ण बुदा को कार्यन्वयन राजस्व परामर्श  समितिले दिएको प्रतिबेदन र स्थानिय स्वायत्त सासन ऐन २०५५ नियमावली २०५६ को अनुसुची १० नियम १४२ संग सम्बन्धित करहरु असुल उपर गरिनेछ ।

## घर नक्सा र नापी

१. न .पा.  भित्र घर निर्माण गर्न पूर्व, न.पा.मा नक्सा पास गरि अनुमतिलिइ घर निर्माण गर्ने कार्यलाइ कढाइका साथ लागू गरिने छ । न.पा. ब्यवस्था गरे बमोजिमको घर नक्सा पास मापदण्ड पुरा नगरि घर बनाउन पाइने छेन । मापदण्ड विपरित कसेले घर निर्माण गरेमा त्यसरी घर निर्माण गर्ने ब्यक्ति वा संघ संस्थालाई नियमानुसार कारवाही गरिने छ ।

२.न.पा. क्षेत्र भित्र नक्सा पास नगराइ वा निर्माण स्वीकृत नलिई घर टहरा वा अन्य निर्माण कार्य गर्ने न.पा.को स्वीकृत नलिइ मापदण्ड विपरित जग्गा प्लटिंग गर्ने वा न.पा. ले दिएको आदेशको उल्लंघन गर्ने ब्यक्ति संघ संस्थालाई न.पा.बाट प्रदान गरिने सेवा रोक्का राखी न.पा.को संयोजकत्वमा समिति गठन गरि नियमानुसार कारवाही गरिने छ।

३. जग्गा प्लटिंगगरि विकिवितरण गर्ने व्यबसायीहरुले न.पा.ले तोकेको मापदण्ड र प्रकृया पुरागरि विकि वितरण गर्नु पर्ने छ ।

४. घर निर्माण गर्दा कम्तीमा २ वटा विरुवा रोप्नु पर्ने छ ।

५. न. पा. गठन पुर्व बनेका घरहरुको नक्सा पास गर्नको लागि प्रोत्साहीत गरिने छ ।

६. भुकम्प प्रतिरोधात्मक  घर निर्माण संम्बन्धि तालिमको ब्यवस्था मिलाइने छ ।

## पूर्वाधार विकास

१. न. पा. क्षेत्र भित्रको सडक निर्माण तथा मर्मत सुधारको काम संचालन गर्नु  पुर्व सडक मापदण्ड अनुसार भए नभएको एकिन गरि कार्यन्वयन गरिने छ । सडक मापदण्ड पुरा नभएका सडकहरु लाइ सडक निर्माणमा कम प्राथमिकता दिइने छ ।

२. आवधिक नगर विकास योजना, शहरी गुरु योजना, भू उपयोग योजना, प्रकोप ब्स्थापन योजना, सडक मापदण्ड, भवन निर्माण मापदण्ड, शीघ्र तयार गरि कार्यान्वयनमा ल्याइने छ ।

३. नगर क्षेत्र भित्रका पर्यटकीय क्षेत्र, ताल तलेया,बजार केन्द्रहरुमा सडक सुधारका कार्यहरु गरिने छ ।

४. नगरको मुख्य भाग, वडा प्रवेशको मुख्य सडक,पुल कल्भर्ट आदिको निर्माण तथा मर्मत सम्भार यथासंम्भव लागत तथा जनसहभागिता जुटाइ कार्यान्वयन गरिने छ ।

५. साना पुल, कच्चे, कल्भर्ट, सडक ग्रावेल, कालोपत्रे, विधुतपोल, ह्यूमपाइप, ड्रेन निर्माण , नाला निर्माण, सरसफाइ सडक बत्ति विधुतीकरण विद्यालय भवन, पर्खाल, शैचालय निर्माण एवं मर्मत जस्ता परियोजनाहरु जन सभागितात्मक पद्धती अनुसार लागत तथा जन सहभागिताको आधारमा अगाडी बढाइने छ ।

६. न. पा. क्षेत्रभित्रको बाटोविस्तार गर्नु पर्दा भइ रहेको बाटोको केन्द्रविन्दुबाट दाया ,बाया बरावरी विस्तार गरिने छ ।

७. नगरक्षेत्रको अधुरा र क्रमागत योजना पुरागर्न पहिलो प्राथमिकता दिइने छ ।

८. विशेष गरि नाला निर्माण भएको सडकको दाया बाया बृक्षारोपण गर्ने कार्यलाइ अभियानको रुपमा अवलम्बन गरिने छ ।

९. नगरपालिको स्रोत साधनले निर्माण गर्न सम्भव नहुने योजनाहरुलाइ संम्बन्धित निकायमा योजना कार्यन्वयनको लागि लगत इस्टिीमेट तयार गरि सिफारिस गरिने छ ।

१०. सार्वजनिक जग्गा तथा सडक अतिक्रमणलाई निकायको सहकार्यमा नियन्त्रणगर्ने कार्यलाइ प्रभावकारी बनाइने छ ।

११. पंचधुरा मन्दिर र टुटेश्वर महादेव मन्दिरलाइ धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि शहरी विकास मन्त्रालय र पर्यटन मन्त्रालयमा पहल कदमी गरिने छ ।

१२. उपभोक्ता समितिको लागत सहभागितामा संचालन गरिने योजनाहरुमा उ.स. ले ब्यहोर्नु पर्ने दायीत्व रकम न.पा. दाखिला गर्ने वा सम्झोता बमोजिम सम्पन्न भएको कार्यको मूल्यांकन गरी सोमा न.पा.ले जनसहभागिताको अंक घटाइ भुक्तानी दिने नीति अवलम्वन गरिने छ । तर लक्षित समूह विकासको लागि गरिने कार्यक्रमको हकमा लागत सहभागिताको रकम न.पा.को खातामा दाखिल नगरी पनि कार्य संचालन गरिने छ ।

१३. योजना संचालनमा उ.स. मार्फत संचालन गर्ने आयोजनाहरुलाइ पहिलो प्राथमिकता दिइने छ । साथे स्थानिय स्तरमा कार्यरत गैर सरकारी, सामाजिक संघ,संस्था र नागरिक सचेतना केन्द्रलाई प्राथमिकताको कममा राखिने छ ।

१४. बर्तमान अवस्थामा विकास निर्माण तथा सामाजिक परिचालनको कार्य सरकार तथा न.पा.को एक्लो प्रयासले सम्भव छैन ,यसका लागि सार्वजनिक निजि साझेदारी अवधारण अनुरुप निजिक्षेत्रलाइ समेत विकास निर्माणमा सहभागि गराउने नीति अवलम्वन गरिने छ ।

१५. विकास निर्माणको कार्य संचालन गर्दा प्रकोप न्यूनिकरणका लागि बाताबरणमैत्री ढंगबाट योजना संचालन र सम्पन्न गर्ने नीति अवलम्वन गरिने छ ।

१६. प्रत्येक बर्ष उत्कृष्ट कार्यगर्ने उपभोक्ता समितिका सदस्यहरुलाइ अवलोकन भ्रमण र पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ ।

१७. बर्दिवास न. पा. क्षेत्रभित्र भौतिक पूर्वाधार विकास निर्माण आवधिक पंचवर्षिय योजना लागु गर्ने निर्णय गरियो ।

## स्वास्थ्य सरसफाई एवं वाताबरण

१. यस न.पा.को खुल्लादिशा मुक्त क्षेत्र घोषणा भई सकेको वडाहरुमा अनुगमन गर्न नगर स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गरिने छ भने सोही समिति मार्फत बाकी वडाको लागि विभिन्न सामाजिक संस्था, बालक्लव,महिला तथा वालवालिका विधार्थी र सरोकारहरुको समन्वयमा रणनिति तयार गरि सरसफाइ विशेष कार्यक्रम तथा अभियान संचालन गरिने छ । विपन्नवर्ग बाहेक सामर्थ्य भएको घरहरुलाई शौचालय निर्माणको लागि सहयोग गर्ने परिपाटीलाई निरुत्साहित गरिने छ ।

२. जनचेतना अभिबृद्धि गर्ने समुदाय स्तरका विभिन्न कार्यक्रमहरु स्थानिय गैह्र सरकारी, सामुदायिक संघ संस्थाहरु मार्फत संचालन गरिने नीति अवलम्बन गरिने छ ।

३. राष्ट्रिय खोप तथा भिटामिन (ए) कार्यक्रमहरुमा खटिने म.स्वा.स्व.से.हरुलाई प्रोत्साहन भत्ताको व्यवस्थालाई परिमार्जन गरि निरन्तरता दिईने छ ।

४. बर्दिवास न. पा.लाई बैशाख १ गते देखि प्लास्टीक झोला प्रयोग निषेधित क्षेत्र घोषणा गर्ने र यस लाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न गराउन सरोकारवाला ब्यक्तित्व, संघ,संस्थाहरु संग समन्वय गरि लागु गर्ने निर्णय गरियो ।

५. न.पा.को वाताबरण स्वच्छ,सफा,सुन्दर हरित नगरीको रुपमा स्थापित गर्न सार्वजनिक स्थल र सडकको पेटीमा बृक्षारोपण गर्ने कार्यलाइ अभियानको रुपमा कार्यान्वियन गरिने छ ।

६. नगर क्षेत्रभित्र रहेको धार्मिक तथा पर्यटकीय स्थल जस्ते रामजानकी मन्दिर , पंचत्रुरा माई मन्दिर ,महादेव मन्दिर, गुम्बा, पाटि पौवा र टुटेश्वर महादेव मन्दिर परिसरको सौन्दर्य सरसफाई र पर्यटकीय क्षेत्रको ख्याति प्राप्त गर्न विषेश सरसफाई क्षेत्र घोषणा गरि अभियानको रुपमा कार्यान्वनमा ल्याइने छ ।

७. न.पा.मा रहेको बजारबाट निस्कने फोहरमेला व्यवस्थापनमा निजि क्षेत्र समेत लाई परिचालन गरिने वा सार्वजनिक निजि साझेदारी ( पि.पि.पि.) को अवधारणा अनुसार कार्य गर्ने नीति लिइने छ ।

८. फोहर व्यबस्थापनको लागि दिर्घकालीन तथा अल्पकालिन नीति अवलम्बन गरिने छ ।

९. लागू पदार्थ दुर्व्यशन तथा एच.आई.भी.(एड्स) विरुद्ध जनचेतना अभिबृद्धि कार्यक्रम संचालनमा पहल गरिने छ ।

१०. ठुला उद्योग संचालनका लागि सिफारिस मांग गर्नु पुर्व वातावरणीय प्रभाव मूल्यांकन (इ.आइ.ए) को प्रमाण पेशगरे पश्चात मात्र सिफारिस दिने नीति अबलम्बन गरिने छ ।

११. नगरलाई बातावरणीय मैत्री बनाउन संम्बन्धित निकायहरु संग समन्वय गरिने छ ।

१२. नगर तथा शहरी क्षेत्रमा पर्याप्त सार्वजनिक शौचालय निर्माण गर्न सम्भाव्यताको अध्ययन गरिने छ ।

१३. बजार अनुगमन गर्नको लागि सरोकारवाला निकायहरु संग समन्वय गरि न.पा.ले नेत्रृत्व गर्ने छ ।

१४. न.पा. विपद् जोखिम न्यूनिकरण योजना निर्माणको लागि पहल गरिने छ भने हरेक क्रियाकलापमा प्रवाहीकरण गरिने छ ।

## मानव संसाधन विकास

१. घरेलु तथा साना उधोग कार्यालय, सीप विकास कार्यालय र अन्य गैर, सरकारी संस्थाहरुको समन्वयमा रोजगार मुलक कार्यक्रम संचालनको लागि निकायहरुमा पहल गर्ने नीति लिइने छ ।

२. विपन्न तथा लक्षितवर्ग समुदायको सीप र क्षमता अभिबृद्धि गरि रोजगारीहुने खालका तालिम संचालनमा जोड दिईने छ ।

## महिला,बालवालिका तथा अन्य लक्षित वर्ग

१. विपन्न तथा पिछडिएका महिलाहरुलाई लक्षितगरि समग्र महिलाको सशक्तिकरण संम्बन्धि कार्यक्रमहरु संचालन गरिने छ ।

२. स्थानिय शासनको अवधारणालाई अनुसरण गरि यसे आ.ब. देखि यस न.पा. लाई बालमैत्री नगर घोषणा गर्ने तर्फ अगाडी बढिनेछ ।

३. बाल वालिका तथा महिला उत्थानका लागि कार्यक्रमहरु प्रभावकारी ढंगले संचालन गरिने छ ।

४. बाल तथा मातृ मृत्युदर घटाउनका निम्ति बाल स्वाथ्यका विविध कार्यक्रमहरु संचालन गर्न सरोकारवाला संघ,सस्थाहरुलाई अनुरोध तथा पहल कदमी गरिने छ ।

५. नगरमा रहेका बाल समुह तथा बाल क्लवहरुलाइ संस्थागत गर्न सहयोग तथा समन्वय गरिने छ ।

६.समाजमा रहेको जेष्ठ नागरिकहरु समाजका अग्रज र अभिवाबकको रुपमा रहेको हुदा यसे बर्ष जेष्ठ नागरिक सम्मान कार्यक्रमको आयोजना गरि सम्मान गरिने छ ।

७. पछाडी परेका समुदाय फरक क्षमता भएका दलित जनजातिहरुको नगर स्तरिय संजाल निर्माणमा सहयोग र दलित,जनजाति,मधेशी तथा मुस्लीमहरुको परम्परागत सीप,संस्कृति र भाषाको संरक्षण गर्ने नीति लिईने छ ।

८. दलित,आदिवासी र जनजातिको अधिकार, पहुचको प्रवर्द्धन र विभिन्नतहको निर्णय प्रकृयामा सहभागिता गराउन कार्यक्रमहरु संचालन गरिने छ ।

९. पाठेघर खस्ने महिलाहरुको समस्या न्यूनिकरण तथा समाधानकोलागि विभिन्न चेतना मुलक कार्यक्रम र शिविर संचालन गरि निशुल्क अप्रेशनको ब्यवस्था गरिने छ ।

## शिक्षा,संस्कृति, साहित्य कला र पर्यटन विकास कार्यक्रम

१. तालतलैया ,पोखरी, प्राचिन मठ मन्दिर,गुम्बा, चर्च वन जंगल लगाएत अन्य सम्भाव्य क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न नेपाल सरकार संम्बन्धित मन्त्रालयहरु संग योजना पेश गरिने छ ।

२. कला ,सस्कृति साहित्य , संगीत साहित्य र पर्यटकीय आधार भएकोले यसको विकास गर्नका लागि विभिन्न संघ सस्थाहरु संग समन्वय गरि कार्यक्रम संचालन गरिने छ ।

३. पर्यटन विकासको लागि सास्कृति संग्रालय निर्माण गर्न यसै आ.व. देखि पहल कदमी गरिने छ ।

४. सामुदायिक तथा सस्थागत विद्यालयहरुको शिक्षाको गुणस्तरलाई प्रभावकारी तुल्याउन निकायगत समन्वय गरि अनुगमन गर्ने नीति लिइने छ ।

५. बालमैत्री शिक्षाको लागि जिल्ला शिक्षा कार्यालय तथा बालबालिका तथा महिला विकास कार्यालय संग समन्वय गरि प्रत्येक विद्यालयमा बालमैत्री शिक्षा र सो को पुर्वाधार मा लगानी गर्ने नीति लिइने छ ।

६. साक्षरता कार्यक्रमहरुलाइ अभियानको रुपमा संचालन गरि यस नगरपालिका लाई निरक्षरता घोषणा गर्न पहल गरिने छ ।

७. यस नगर क्षेत्रमा रहेको एक मात्र प्राविधिक तथा ब्यावसायिक शिक्षा धारको रुपमा जनता मा.वि. गौरीडाडामा संचालन भइ रहेकोमा उक्त विद्यालयलाई पुर्वाधार निर्माण गरि प्राविधिक शिक्षालयको रुपमा विस्तार गर्न अविलम्ब पहल गरिने छ ।

## यूवा तथा खेलकुद विकास

१. लागू पदार्थ र अन्य दुर्व्यसनबाट यूवाहरुलाई जोगाउने खालको कार्यक्रम सचालनको लागि आवश्यक पहल गरिने छ ।

२. खेलकुद क्षेत्रमा विनियोजन भएको रकम लाइ प्रभावकारी रुपमा परिचालित गर्न नगरपालिकाको संयोजकत्वमा एक समिति गठन गरिने छ ।

३. बर्दिवास न.पा. क्षेत्रमा रहेको खेलकुद मैदानहरु लाई स्तर उन्नती गरि क्षेत्रिय रंगशालाको रुपमा विकास निर्माण गर्न विधिबत समिति गठन गरि सो समिति द्धारा आवश्यक पहल गरिने छ ।

## सडक वत्ती,विधुतीकरण,टेलिफोन

१. प्रमुख व्यापारी क्षेत्र,व्यापारी केन्द्र बसपार्क र प्रवेशद्धार वडा प्रवेश मुख्यद्धार लक्षित समुदाय सडक विजुली व्यवस्थापन गर्न न. पा. ले विशेष कार्यक्रमको व्यवस्था गरिने छ । यसकोलागि शौर्य उर्जा मार्फत सडक बत्ती जडानको लागि पहल गरिने छ ।

२. नगर विधुतिकरण नभएको क्षेत्रमा विधुतिकरण गर्न नेपाल विधुत प्राधिकरण संग गरिदै आएको विधुतिकरण कार्यक्रम लाई निरन्तरता दिईने छ ।

३. यस बर्दिवास न.पा. वडा नं. १ स्थित बर्दिवास चौक क्षेत्र भित्रको सडक स्तर उन्नती गर्ने कममा विजुली र टेलिफोनको पोल, तार विस्तारित सडकक्षेत्र भित्र पर्न गएको ले विकास निर्माण जस्ताकार्य अवरुद्ध हुन गएको हुदा उक्त पोल, तार व्यबस्थित स्थानमा सार्न सम्बन्धित निकायमा पहल गरिने छ ।

४. बर्दिवास नगरपालिका क्षेत्रभित्र रातुखोला देखि भव्सी खोला सम्म पुर्व पश्चिम महेन्द्रराजमार्ग दायाँ वायाँ १२० मिटरको दुरीबाट ढल्केवर, मलगंवा र ढल्केवर ,गौशाला सम्म विधुत विस्तार गर्ने क्रममा २०४४/ २०४५ सालमा गाडिएको विजुलीको पोल र तार ले यस क्षेत्र भित्रको जमिनमा घर निर्माण गर्न उपयुक्त नहुने बैकमा धितो नराख्ने विक्रि वितरण नहुने हुदा कारोवार गर्न समस्या परेको जानकारी गराउदै उक्त पोलतार पुर्व पश्चिम राजमार्ग क्षेत्रभित्रको जमिनमा ब्यबस्थितगर्न उर्जा मन्त्रालयमा पत्राचार गरि पहल गर्ने ।

**उपस्थित प्रमुख अतिथि,अतिथि,मान्यजन,महिला तथा सज्जनवृन्द,**

माथि प्रस्तुत गरेको नीति तथा कार्यक्रमको आधारमा अव म यस बर्दिवास नगरपालिकाको आ.व. २०७१/२०७२ को अनुमानित र २०७२/२०७३ को प्रस्तावित आय व्यय र कार्यक्रमको विबरण प्रस्तुत गर्न अनुमति चाहन्छु । यस नगरपालिकाको आर्थिक वर्ष ०७१/०७२ को कुल बजेट ३ करोड १७ लाख २ हजार र आ.व ०७२/०७३ को कुल बजेट ११ करोड २० लाख ७४ हजार प्रस्ताव गरेको छु । यस अन्तर्गत चालु आ.ब.को लागी स्थानिय स्तरमा उठ्ने विभिन्न कर, सेवा, दस्तुर, ठेक्का र ब्यबसाय कर लगायत आन्तरिक आम्दानी तर्फ २८ लाख १६ हजार सा.सु. र बालबालिका भत्ता तर्फ १ करोड ८३ लाख नेपाल सरकारबाट निसर्त तथा शसर्त चालु अनुदान १५ लाख र पुजिगत अनुदान ९० लाख ८६ हजार र आ.व.०७२/०७३ को लागी स्थानिय स्तरमा उठ्ने माथि उल्लेखित करहरुबाट आन्तरिक आम्दानी ८० लाख ७४ हजार सा.सु. र दलित बालबालिका तर्फ १ करोड ९५ लाख नेपाल सरकार चालु अनुदान ४० लाख र पुजिगत अनुदान तर्फ ८ करोड ४५ लाख अनुदान अनुमान गरेको छु यसैगरी खर्च तर्फ ०७१/०७२ को चालु खर्च २ करोड २६ लाख १६ हजार र पुजिगत तर्फ ९० लाख ८६ हजार त्यस्तै आ.व.२०७२०७३ को लागी चालु तर्फ २ करोड ७५ लाख ७४ हजार र पुजिगत तर्फ ८ करोड ४५ लाख खर्च प्रस्ताव गरेको छु ।

**आदरणीय उपस्थित महानुभावहरु,**

अन्तमा यो बजेट निर्माण प्रकृयामा सहयोग गर्नुहुने विभिन्न संघ संस्थाका प्रतिनिधि ज्यू राजनेतिक प्रतिनिधि ज्यूहरु नगरपालिका कार्यालयका कर्मचारी ज्यूहरु , विशेष खरिदार नारायणबहादुर सेन ज्यू लाई हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु । कर्मचारीहरु नगरवासीहरु प्रति जवाफदेही भई नीति , नियमअनुसारको काम गर्नु हुने प्रतिबद्दता जाहेर गर्दछु । प्रस्तावित नीति,कार्यक्रम तथा बजेट पारित पश्चात कार्यक्रम कार्यन्वयनमा सवैको सकृिय सहयोग तथा सरसल्लाहा प्राप्तहुने छ भन्ने आशा लिएको छु ।

# धन्यवाद

# नगरपरिषदबाट भएको निर्णयहरु

## निर्णय नं. १

बर्दिवास नगरपालिकाको आ.व. २०७१/२०७२ को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्नको लागि विभिन्न मितिमा भएको नगरस्तरिय नागरिक मंचको वडा भेलाबाट प्राप्त योजना, राजस्व परामर्श समितिको सिफारिस न्यूनतम करका दरहरु आम्दानी सिफारिस दस्तुरहरुको विवरण, एकिकृत योजना तर्जुमा समितिबाट तयार भएका आ.व.२०७१/२०७२ का लागि प्रस्तावित योजनाहरु बैठकबाट प्राप्त सुझाव समेतको आधारमा चालु आ.व. को अनुमानित आय व्यय ,बजेट नीति तथा कार्यक्रम यस बर्दिवास नगरपालिकाको २०७१ पौष ३० गतेको नगरपरिषदबैठक बाट देहाय बमोजिम बजेट नीति तथा कार्यक्रम स्वीकृत गरि कार्यन्वयन गर्ने निर्णय गरियो ।

**नीतिहरुः** ( पुर्व प्रस्तुत भए बमोजिम लागू गरिने छ )

**१ं कार्यालय प्रशासन र कर्मचारी ब्यवस्थापन**

**२.सुशासन र पारदर्शिता**

**३.आर्थिक प्रशासन**

**४.कर तथा राजस्व**

**५.घर नक्सा,नापी**

**६.पूर्वाधार विकास**

**७.स्वास्थ्य सरसफाइ एवं वाताबरया**

**८.मानव संशाधन विकास**

**९.महिला बालवालिका तथा अन्य लक्षित वर्ग**

**१०.शिक्षा, सस्कृति, साहित्य कला र पर्यटन विकास कार्यक्रम**

**११.यूवा एवं खेलकुद विकास**

**१२.सडक बत्ती, विधुतीकरण,टेलिफोन**

**निर्णय नं. २**

बर्दिवास नगरपालिकाको **आ.व. २०७१ /२०७२** को अनुमानित र **आ.व. २०७२/२०७३** को लागि प्रस्तावित आय तथा व्यय र कार्यक्रमहरु देहायबमोजिम पारित गर्ने निर्णय गरियो ।

## बर्दिवास नगरपालिकाको कार्यालय
## बर्दिवास,महोत्तरी
## आ.व. २०७१/२०७२ को लागि अनुमानित र ०७२/०७३ को प्रस्तावित आम्दानी विवरण

| संकेत नम्बर | आय शिर्षक | चालु आ.व २०७१/२०७२ को अनुमानित आय विवरण | आ.व. २०७२/२०७२ को प्रस्तावित आय विवरण |
|---|---|---|---|
| १.१ | **आन्तरिक स्रोत** | | |
| १.१.१ | मालपोत तथा भूमि कर | १२,००,०००।०० | १५,५०,०००।०० |
| १.१.२ | घर जग्गा कर | ५००००।०० | १,५०,०००।०० |
| १.१.३ र४ | बहाल विटोरी कर | १७५०००।०० | २,५०,०००।०० |
| १.१.५ | व्यवसाय कर | ५,००,०००।०० | १५,५०,०००।०० |
| १.१.६.१ | सवारी दर्ता तथा बार्षिक कर | १५०००।०० | २५,०००।०० |
| १.१.६.२ | पटके सवारी कर | १५०००।०० | २५,०००।०० |
| १.१.६.३ | रिक्सा र ठेला प्रमाण पत्र | १५०००।०० | १५,०००।०० |
| १.१.६.४ | रिक्साको दर्ता तथा इजाजत शुल्क | १५०००।०० | ५,०००।०० |
| १.१.६.५ | रिक्सा ठेला नामसारी | ५०००।०० | २,०००।०० |
| १.१.७ | नविकरण शुल्क | ५०००।०० | ७,०००।०० |
| १.१.८ | मनोरंजन शुल्क | ५००००।०० | १५,०००।०० |
| १.१.९ | विज्ञापन कर | ४०,०००।०० | ४५,०००।०० |
| | **जम्मा** | **२०,८५,०००।००** | **३६,३९०००।००** |
| १.२ | सेवा शुल्क | ५०,०००।०० | २,००,०००।०० |
| १.२.१ | सवारी पार्किंग शुल्क | २०,०००।०० | ५०,०००।०० |
| १.२.२.२ | विधुत महशुल | ००।०० | ००।०० |
| १.२.२.३ | टेलिफोन महशुल | ००।०० | ००।०० |
| १.२.२.३ | पर्यटन सेवा शुल्क | २०,०००। | २,००,०००।०० |
| १.२.३. | सार्वजनिक सेवा उपयोग शुल्क | ००।०० | ००।०० |
| १.२.५ | सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | ००।०० | ००।०० |
| १.२.६ | अचल सम्पति मूल्यांकन शुल्क | ३५,०००।०० | ५०,०००।०० |
| १.२.७ | स्थानिय विकास शुल्क | ००।०० | ००।०० |
| १.२.८.१ | सिनो फालेको शुल्क | ००।०० | ००।०० |
| १.२.८.२ | अन्य सेवा शुल्क | | ३५,०००।०० |
| | | २,००,०००।०० | १,१०,०००।०० |
| १.२.४ | नाताप्रमाणित तथा अन्य प्रमाणित दस्तुर | ५५,०००।०० | ७५,०००।०० |
| १.३.५ | अन्य दस्तुर | २५,०००।०० | ३५,०००।०० |
| १.३.६ | निवेदन टिकट दस्तुर | ५,०००।०० | २५,०००।०० |
| १.३.७ | नक्कल दस्तुर प्रति पाना रु. ३। | १,१००।०० | ००।०० |
| १.३.९ | निवेदन फारम विकि | १०,०००।०० | ००।०० |
| | | ००।०० | १,१०,०००।०० |

| | | | |
|---|---|---|---|
| १.४ | विकि | ००।०० | ००।०० |
| १.४.१ | चालु सम्पति विकि | ००।०० | ००।०० |
| १.४.२ | स्थायी सम्पति विकि | ००।०० | ००।०० |
| १.४.३ | अन्य विकि | | ००।०० |
| **जम्मा** | | **४,२१,१००।००** | **८,९०,०००।००** |
| १.५ | स्रोत परिचालन | ००।०० | ००।०० |
| १.५.१ | सार्वजनिक निजि साझेदारी | ००।०० | ००।०० |
| | | ००।०० | ००।०० |
| १.६ | अन्य आय | ००।०० | ००।०० |
| १.७.१ | दण्ड जरीवाना | ५,५००।०० | १०,०००।०० |
| १.७.२.१ | भाडा | ००।०० | ००।०० |
| १.७.३ | धरौटी जफत | ००।०० | ००।०० |
| १.७.४ | धरौटी फिर्ता | ००।०० | ००।०० |
| १.७.५ | पेश्की फिर्ता | ००।०० | ००।०० |
| १.७.६ | अन्य विभिन्न आय | ००।०० | ००।०० |
| १.७ | ठेक्का बन्दोवस्ती | ००।०० | ००।०० |
| १.७.१ | पोखरी ठेक्का | २,६५,०००।०० | ३,६५,०००।०० |
| १.७.२ | हाटबजार ठेक्का | ००।०० | २५,००,०००।०० |
| **जम्मा** | | **२,७०,५००।००** | **२८,७५,०००।००** |
| १.८ | गत बर्षको आम्दानी अ.ल्या. | ००।०० | ००।०० |
| **जम्मा** | | ००।०० | ००।०० |
| | अन्य दस्तुर | **४४००।००** | **६,००,०००।००** |
| | आन्तरिक स्रोतको जम्मा आम्दानी | **२७,८१,०००।००** | **८०,०४,०००।००** |
| २. | बाह्य स्रोत | **००।००** | ००।०० |
| २.१.१ | नेपाल सरकारबाट अनुदान | ००।०० | ००।०० |
| | क. चालु | १५,००,०००।०० | ४०,००,०००।०० |
| २.१.१.२ | नेपाल सरकारबाट (निशर्त) अनुदान(पुजीगत) | ९०,८६,०००।०० | ५,८०,००००।०० |
| २.१.१.१ | नेपाल सरकार जगेडा कोष | ००।०० | १,६५,००,०००।०० |
| २.१.१.२ | स्थानिय निकाय सर्शत अनुदान (कृषि सडक) | ००।०० | ३०,००,०००।०० |
| २.१.१.३ | नेपाल सडक बोर्ड | ००।०० | ३०,००,०००।०० |
| २.१.१.४ | नेपाल सरकारबाट अनुदान (बस्तुगत अनुदान) | ००।०० | ००।०० |
| २.१.२ | बालपोषण अनुदान | ००।०० | ००।०० |
| २.१.३ | सामाजिक सुरक्षा अनुदान | १,७५,००,०००।०० | १,८५,००,०००।० |
| | बालसंरक्षण रकम अनुदान | ८,००,०००।०० | १०,००,०००।०० |
| ३.१ | जि.वि.स.बाट राजस्व बाड फाडबाट आय | ३५,०००।०० | ७०,०००।०० |
| | नेपाल.बाट २०७१ ।२०७२ को गा.वि.स.हरुको अनुदान | ००।०० | ००।०० |
| | तत्कालिन गा.वि.स. संचालन अनुदान | ००।०० | ००।०० |
| ४. | लागत सहभागिता | ००।०० | ००।०० |
| | बाह्य स्रोतको जम्मा आय | **२,८९,२१,०००।००** | **१०,४०,७०,०००।०** |
| | कुल जम्मा | **३,१७,०२,०००।००** | **११,२०,७४०००।०** |

## बर्दिवास नगरपालिकाको कार्यालय

## बर्दिवास महोत्तरी

### आ.व.२०७१/२०७२ र २०७२/०७३ को लागि अनुमानित तथा प्रस्तवित खर्चको विबरण

| सि.नं. | खर्चको शिर्षक | ०७१ /०७२ को अनुमानित खर्च | २०७२/२०७३ को प्रस्तावित खर्च |
|---|---|---|---|
| २. | क. चालु खर्च | ००।०० | ००।०० |
| | प्रशासनिक खर्च | ००।०० | ००।०० |
| ३. | १. उपयोग खर्च | ००।०० | ००।०० |
| ४. | **१.०१ तलब** | **१८,५०,०००।००** | **३५,००,०००।००** |
| ५. | १.०१.१ तलव कर्मचारी | १८,००,०००।०० | ३०,००,०००।०० |
| ६. | १.०१.२ पदाधिकारी पारिश्रमिक | ००।०० | ००।०० |
| ७. | १.०१.३ कर्मचारी कल्याणकोष | ००।०० | २,५०,०००।०० |
| ८. | १.०१.४ प्रिमियम खर्च | ००।०० | ००।०० |
| ९. | | ००।०० | ००।०० |
| १०. | १.०२ भत्ता | ५०,०००।०० | २,५०,०००।०० |
| ११. | **१.०२.१ कर्मचारी भत्ता** | **३५,०००।००** | **३,५०,०००।००** |
| | कर्मचारी विषेश भत्ता | ००।०० | ००।०० |
| | कर्मचारी महंगी भत्ता | ००।०० | ००।०० |
| | अतिरिक्त समय काम गरे वापतको भत्ता | ००।०० | ३,५०,०००।०० |
| १२. | १.०२.२ पदाधिकारी भत्ता | ००।०० | **५५,०००।००** |
| १३. | १.०२.३ बैठक भत्ता | ३६,०००।०० | **३,६०,०००।००** |
| | विभिन्न समिति उप समिति बैठक भत्ता | ००।०० | **१,००,०००।००** |
| | प्रतिनिधि भत्ता | ००।०० | ००।०० |
| १४. | १.०३ सरुवा भ्रमण खर्च तथा दैनिक भ. भत्ता | ७००००।०० | **१००,०००।००** |
| १५. | १.०४ पोशाक(नेपाल सरकारले तोके बमोजिम) | ००।०० | **८५,०००।००** |
| १६. | १.०५ खाद्यन्न तथा आहार | ००।०० | ००।०० |
| १७. | १.०६ औषधि उपचार | ००।०० | ००।०० |
| १८. | १.०७ सेवा निबृत सुविधा | **१५००००।००** | ००।०० |
| १९. | १.०८ तालिम तथा कार्यक्रम खर्च | **२५,०००।००** | **१,५०,०००।००** |
| २०. | **२. कार्यालय संचालन र सेवा खर्च** | **१,२५,०००।००** | **९,६५,०००।००** |
| २१. | २.०१ पानी तथा विजुली महशुल | ५,०००।०० | ३०,०००।०० |
| २२. | २.०२ संचार महशुल | ५०००।०० | ३५,०००।०० |
| २३. | **२.०३ कार्यालय संम्बन्धि खर्च** | **१०३५००।००** | **४,१५,०००।००** |
| | कार्यालय सामान र मशलन्द खर्च | २४,०००।०० | १,५०,०००।०० |
| | छपाई खर्च | २४,०००।०० | २,२५,०००।०० |
| | हुलाक तथा कुरियर खर्च | ५०००।०० | १५०००।०० |
| | फयाक्स तथा फोटोकपी | १५,०००।०० | १५,०००। |
| | ढुवानी खर्च | २०,०००।०० | १५,०००।०० |
| | सवारी साधन दुर्घटना विमा खर्च | ००।०० | १५,०००।०० |
| | पर्दा तथा कपडा धुलाई खर्च | ५,००।०० | ५०००।०० |
| | बेंक दस्तुर खर्च | ००।०० | ५,०००।०० |
| | लेखाई खर्च | ००।०० | १०,०००।०० |
| | अन्य खर्च | १,५००।०० | ४०,०००।०० |
| २४. | **२.०४ भाडा** | **००।००** | **१,२५,०००।००** |
| | कार्यालय प्रमुखको आवास भाडा | ००।०० | ९०,०००।०० |
| | सवारी भाडा | ००।०० | ३५,०००।०० |
| | जग्गा भाडा | ००।०० | ००।०० |
| २५. | **२.०५ मर्मत तथा सम्भार** | **००।००** | **१,००,०००।००** |
| | सवारी साधन मर्मत | ००।०० | २५,०००।०० |

| | | | |
|---|---|---|---|
| | कम्प्युटर मर्मत | ००।०० | १५,०००।०० |
| | कार्यालय सामान (फर्निचर) मर्मत | ००।०० | २५,०००।०० |
| | जनेटर मर्मत | ००।०० | ३०,०००।०० |
| | अन्य मर्मत | ००।०० | ५,०००।०० |
| **२६.** | **२.०६ ईन्धन तथा अन्य ईन्धन** | **००।००** | **१,५०,०००।००** |
| २७. | २.६.१ सवारी इन्धन पदाधिकारी | ००।०० | ००।०० |
| २८. | २.०६.२ सवारी इन्धन कर्मचारी | ४०,०००।०० | १,००,०००।०० |
| २९. | २.०६.३ अन्य इन्धन (ईनर्भटर समेत) | ५०००।०० | ००।०० |
| | २.०६.४ जनेटर इन्धन | ००।०० | ५०,०००।०० |
| **३०.** | **२.०७ परामर्श तथा अन्य सेवा शुल्क** | **००।००** | **५०,०००।००** |
| **३१.** | २.०७.१ मुद्धा मामिला तथा लेखापरिक्षण खर्च | ५००००।०० | ७५०००।०० |
| **३२.** | २.०७.२ सरसफाइ तथा अन्य सेवा शुल्क | ००।०० | ००।०० |
| **३३.** | **२.०८ विबिध खर्च** | **४५,०००।००** | **१,२५,०००।००** |
| **३४.** | २.०८.१ सदस्यता शुल्क | ००।०० | ००।०० |
| **३५.** | २.०८.२ आर्थिक सहायता | २५,०००।०० | १०,०००।०० |
| **३६.** | २.०८.३ पुरस्कार | ००।०० | १५,०००।०० |
| **३७.** | २.०८.४ नगरपरिषद खर्च | ५०,०००।०० | १,००,०००।०० |
| **३८.** | **२.०८.५ विबिध खर्च** | **२०,०००।००** | **९०,०००।००** |
| | चिया नास्ता तथा खाना खर्च | १०,०००।०० | २५,०००।०० |
| | अतिथि सत्कार खर्च | ५,०००।०० | ५०,०००।०० |
| | पर्व पुजाआजा खर्च | ५,०००।०० | ५,०००।०० |
| | अन्य शिर्षकमा नपरेको खर्च | ००।०० | १०,०००।०० |
| **५१.** | अनुदान | ००।०० | ००।०० |
| **५२.** | **३.०१ सार्वजनिक संस्थालाई अनुदान** | **००।००** | **५०,०००।००** |
| | सार्वजनिक संस्थालाई इन्धन अनुदान | ००।०० | ००।०० |
| | भ्रमण टोलीलाई इन्धन अनुदान | ००।०० | ००।०० |
| **५३.** | ३.०२ गा.वि.स.तथा न.पा. लाई अनुदान | ००।०० | ००।०० |
| **५४.** | ३.०३ सामाजिक संस्थालाई अनुदान | ००।०० | २५,०००।०० |
| **५५.** | ३.०४ सामाजिक सुरक्षा अनुदान | ००।०० | २५,०००।०० |
| **५७.** | **४. सेवा खर्च** | **१,८३,३०,०००।००** | **१,९६,७५,०००।००** |
| ५८. | ४.०१ उत्पादन सामाग्री सेवा | ००।०० | ००।०० |
| ५९. | ४.०२ ओषधि तथा अस्पताल संचालन खर्च | ००।०० | ००।०० |
| ५९. | ४.०३ पुस्तक तथा सामाग्री खर्च | ३००००।०० | ७५,०००।०० |
| ६०. | ४.०४ कार्यक्रम खर्च | ००।०० | १,००,०००।०० |
| | सामाजिक सुरक्षा भत्ता वितरण खर्च | **१,७५,००,०००।००** | **१,८५,००,०००।००** |
| | बालसंरक्षण भत्ता वितरण खर्च | ८,००,०००।०० | १०,००,०००।०० |
| **११२.** | **४.०५ कार्यक्रम तथा भ्रमण खर्च** | **००।००** | **५,२०,०००।००** |
| ११३ | ४.०५.१ कार्यक्रम भ्रमण खर्च पदाधिकारी | ००।०० | ००।०० |
| ११४. | ४.०५.२ कार्यक्रम भ्रमण खर्च कर्मचारी | ००।०० | ५,००,०००।०० |
| ११५. | ४.०६ निर्मित सार्वजनिक सम्पतिको सम्भार खर्च | ००।०० | २०,०००।०० |
| **६९.** | **४.०७ नगरको सरसफाई फोहर व्यवस्थापन खर्च** | **२०,०००००।००** | **४५,३०,०००।००** |
| | सा. शौचालय सफाई | ००।०० | १,२५,०००।०० |
| | नाला सफाइ (विभिन्न वडाको) | ००।०० | १,७५,०००।०० |
| | विषेश सरसफाई कार्यक्रम | २०,००,०००।०० | १०,४५,०००।०० |
| | फोहर व्यवस्थापन खर्च | ००।०० | १,००,०००।०० |
| | सरसफाई सामाग्री खरिद(टयाक्टर,स्काभेटर) | ००।०० | ३०,२५,०००।०० |
| | सरसफाइ  उपकरण मर्मत | ००।०० | २०,०००।०० |
| | बर्दिवास चोक सरसफाइ कार्यक्रम खर्च | ००।०० | ४०,०००।०० |
| **११७.** | **४.०८ दमकल तथा एम्वुलेन्स खरिद तथा संचालन खर्च** | **००।००** | **१००,००,०००।००** |
| **११८.** | **४.०९ सडक बत्ती महशुल खर्च** | **००।००** | **१,००,०००।००** |

| | | | |
|---|---|---|---|
| ११९. | ९.०१ भैपरी आउने खर्च | ७,०००।०० | ७,०००।०० |
| १२०. | ११. व्याज भुक्तानी | ००।०० | ००।०० |
| १२१. | ११.०१ आन्तरिक व्याज भुत्तानी | ००।०० | ००।०० |
| १२२. | ११.०२ बाह्य ऋणको व्याज भुक्तानी | ००।०० | ००।०० |
| १२३. | १२. आय फिर्ता खर्च | ००।०० | ००।०० |
| | कर फिर्ता गर्नु पर्ने रकम | ००।०० | ००।०० |
| | सदर स्याहा भएको धरोटी | ००।०० | ००।०० |
| १२४. | | ००।०० | ००।०० |
| १२५. | ख. पुजीगत खर्च | ००।०० | ००।०० |
| १२६ | ५. पुजी ट्रान्सफर खर्च | ००।०० | ००।०० |
| | ५.०१ जग्गा खरिद | ००।०० | ००।०० |
| | ५.०२ भवन खरिद | ००।०० | ००।०० |
| **१६३.** | **६. पुजी निर्माण खर्च** | **००।००** | **६,००,०००।००** |
| १६४. | ६.०१ फर्निचर | ००।०० | ६,५०,०००।०० |
| १६५. | ६.०२ सवारी साधन | ००।०० | ३०००००००।०० |
| १६६. | ६.०३ मेशनरी औजार तथा उपकरण | ००।०० | ५,३५,०००।०० |
| १६७. | ६.०४ भवन निर्माण | ००।०० | १००,०००००।०० |
| १७९. | ६.०५ सार्वजनिक निर्माण खर्च(न.यातायात गुरु योजना संचालन) | ००।०० | ००।०० |
| | ६.०६ पुंजीगत सुधार खर्च | ००।०० | २,००,०००।०० |
| | सम्पुरक कोष | ००।०० | ५६,००,०००।०० |
| | वडास्तरिय योजना नेपाल सरकार र आन्तरिक स्रोत समेत बाट खर्च | ७५,००,०००।०० | २,३६,४२,०००।०० |
| | कृषि सडक सहभागितामा संचालन हुने विभिन्न वडामा | ००।०० | ३०,००,०००।०० |
| | जगेडाकोष बाट संचालन गरिने योजनामा खर्च | ००।०० | १,६५,००,०००।०० |
| | सडक वोर्डबाट संचालन गरिने योजना | ०० ।०० | ३०,००,०००।०० |
| | आन्तरिक कोषबाट हुने अन्य योजना | ०० ।०० | ०० । ०० |
| | लक्षित वर्गको कार्यक्रम तर्फ | ३३,७५,०००।०० | ६४,००,०००।०० |
| | महिला लक्षित कार्यक्रम तर्फ | ६,७५,०००।०० | १६,००,०००।०० |
| | बालवालिका तर्फ | ४,५०,०००।०० | २४,००,०००।०० |
| | आर्थिक एवं सामाजिक रुपमा पछाडी परेका वर्गहरुको कार्यक्रम खर्च | ००।०० | २४,००,०००।०० |
| | प्रबर्द्धनात्मक कार्यक्रम खर्च | ००।०० | ३८,३९,५२४।०० |
| | प्रकोप व्यवस्थापन तथा देवि प्रकोप कार्यक्रम | ००।०० | १,००,०००।०० |
| | योजना संचालन तथा व्यवस्थापन खर्च (कन्टीजेन्सी) | ००।०० | ६,६७,९८०।०० |
| | ६.०७ अध्ययन तथा प्राविधिक पुंजीगत परामर्श खर्च | ००।०० | ७,००,०००।०० |
| | जम्मा पुंजीगत | **९०,८६,०००,००** | **८,०५,००,०००।००** |
| | जम्मा चालु खर्च | **२,२६,१६,०००।००** | **३,१५,७४,०००।००** |
| | कूल जम्मा | **३,१७,०२,०००।००** | **११,२०,७४,०००।००** |

## निर्णय नं. ३

बर्दिवास न.पा.क्षेत्रभित्रका बजार तथा शहरोउन्मुख स्थानहरुमा फोहर (कचडा) व्यवस्थापन गर्नकालागि स्थानिय उद्योग बाणिज्य संघ र व्यापारीहरु संग समन्वयगरि अभियानको रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

बर्दिवास न.पा.क्षेत्रभित्र रहेको सम्पूर्ण धार्मिक स्थलहरुको वृहत्तर विकासको लागि आगामी आ.व. मा राजनैतिकदल, बुद्धिजिवी, पत्रकार तथा सरोकारवाला विज्ञहरुको भेलागरि सुझाव संकलन गर्ने र थप कार्यक्रमको पेचान गरि कार्यक्रमको कार्ययोजना तयार गरि लागू गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

नागरिक वडाभेलाबाट निर्णय भई मांगहुन आएका योजना तथा कार्यक्रमहरु प्राथमिकताको आधारमा छनोट गरि कार्यान्वयन गर्ने र परिषदबाट निर्णयभइ बजेटको प्राथमिकतामा पर्न नसकेका योजना तथा कार्यक्रमहरु आवश्यकताहेरी नगरपालिका वोर्डबाट प्राथमिकिकरण गरि संचालन गर्दै जाने निर्णय गरियो ।

## निर्णय नं. ६

यस न.पा. क्षेत्रभित्र संचालनमा रहेका सामाजिक गैर सरकारी संघ सस्थालाई नगरपालिकामा सुचिकृत गरि कार्यक्रमहरु पेशगर्न अनुरोध गर्ने र कार्यक्रम तथा योजनाहरु पेश नगरेमा त्यस्ता संघ संस्थाहरुले संचालन गरेका योजना तथा कार्यकमहरुमा रोक लगाउने निर्णय गरियो ।

## निर्णय नं. ७

हाथिलेट गा.वि.स. ले आ.ब. २०७१/२०७२ को गाउपरिषद्को निर्णयबाट सम्पुर्ण हाथिलेट गा.वि.स. बर्दिबास नगरपालिका वडा नं. १३, १४, १५ को रुपमा समायोजन गरी बर्दिबास नगरपालिकामा गठन प्रक्रिया अगाडी बढाइदिनको लागी पत्राचार भई आएको हुँदा उक्त कार्य जिल्ला स्तरिया नगर क्षेत्र तथा सिफारिस समिति लाई उक्त हाथिलेट गा.वि.स.लाई बर्दिबास नगरपालिकामा समायोजनको लागी सिफारिस गरिदिनको लागी अनुरोध गर्न निर्णय गरियो ।

## निर्णय नं. ८

चालु आ.व. २०७०/२०७१ मा संम्झौता भई संम्पन्न हुन बाकी रहेका योजना तथा कार्यक्रमहरुलाई आगामी आ.व. २०७२/२०७३ मा क्रमागत योजनाको रुपमा संचालन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

यस नगरपालिकामा यसे आ.व. देखि बाल मैत्री स्थानिय शासन र सामुदायिक मध्यस्थता कार्यक्रम संचालन गर्ने र सोको लागि लाग्ने खर्चहरु न.पा.ले व्यवस्था मिलाउने निर्णय गरियो ।

## निर्णय नं. १०

बर्दिवास नगरपालिका कार्यालयको तपशिल अनुसार कर्मचारी दरबन्दी पारित गरि रिक्त दरबन्दीमा पद पुर्तिका लागि संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय संग सहमति माग गर्ने निर्णय गरियो ।

| सि.नं. | पदको नाम | श्रेणी,तह | स्वीकृत दरबन्दी | पदपुर्ति | रिक्त |
|---|---|---|---|---|---|
| १. | ईन्जिनियर | अधिकृत स्तर छैठो | १ | ० | १ |
| २. | सव ईन्जिनिर | सहायक स्तर पाचौ | १ | ० | १ |
| ३. | आन्तरिक लेखापरिक्षक | सहायक स्तर पाचौ | १ | ० | १ |
| ४. | कानुनी सल्लाकार | सहायक स्तर पाचौ | १ | ० | १ |
| ५. | नायब सुव्वा | सहायक स्तर पाचौ | ४ | ० | ४ |
| ६. | कम्प्युटर अपरेटर | सहायक स्तर पाचौ | १ | ० | १ |
| ७. | खरिदार | सहायक स्तर चौथो | ६ | ३ | ३ |
| ८. | पन्जिकाधिकारी | सहायक स्तर चौथो | १ | ० | १ |
| ९. | अमिन | सहायक स्तर चौथो | २ | ० | २ |
| १०. | स.सव ईन्जिनियर | सहायक स्तर चौथो | २ | ० | २ |
| ११. | प्रमुख नगर रक्षक | सहायक स्तर चौथो | १ | ० | १ |
| १२. | ईलेक्ट्रिसियन | सहायक स्तर चौथो | २ | ० | २ |
| १३. | हेभी सवारी चालक | श्रेणी विहीन | २ | ० | २ |
| १४. | लाईट सवारी चालक | श्रेणी विहीम | १ | ० | १ |
| १५. | नगर रक्षक | श्रेणी विहीन | ११ | ० | ११ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६. | विधुत हेल्पर | श्रेणी विहीन | २ | ० | २ |
| १७. | कार्यलय सहयोगी | श्रेणी विहीन | ५ | ३ | २ |
| १८. | बगेचे | श्रेणी विहीन | २ | ० | २ |
| १९. | कुचीकार | श्रेणी विहीन | १५ | ० | १५ |
| २०. | सिनो फाल्ने | श्रेणी विहीन | २ | ० | २ |
| जम्मा | | | ६३ | ६ | ५७ |

**निर्णय नं. ११**

यस नगरपाकिको **आ.व. २०७१/२०७२** देखि लागू हुने गरि देहाय बमोजिम संगठन तालिका स्वीकृत गरियो ।




ममम

## निर्णय नं. १२

बर्दिवास नगर क्षेत्रभित्र रहेको सार्वजनिक महत्वका जग्गा सडक मन्दिर मस्जित गुठी ढल पुल कल्भर्टतथा पोखरीको अभिलेख व्यवस्थित गरि संरक्षण र संम्बर्धनगर्ने निर्णय गरियो । विभिन्न सार्वजनिक जग्गा तथा भौतिक संरचनाहरुको संरक्षण र सम्बर्धनका लागि एक समिति गठन गरि त्यसको प्रतिवेदनको आधारमा न.पा. क्षेत्रभित्रको उक्त जग्गाहरु न.पा.को नाउमा दर्ता गर्न प्रकृया थालनी गर्न अधिकार वोर्ड लाई दिने निर्णय गरियो ।

## निर्णय नं.१३

बर्दिवास नगरपालिकाको स्वीकृत दरबन्दीमा संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट सहमति प्राप्त भएमा नियमानुसार कर्मचारी पदपुर्ति समितिको अध्यक्ष नियमावलि अनुसार मनोनयन गरि रिक्त दरबन्दी को पदपुर्ति गर्न न.पा. वोर्डलाई अख्तियारी प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं.१४.

नगरपालिका क्षेत्रभित्र बन्ने आवासीय,व्यासायीक,औधोगिक, तथा सामुदायीक भवन निर्माण सम्बन्धमा राष्ट्रिय भवन निर्माण आचारसंहीतालाई मध्य नजर गर्दे भवन निर्माण तथा नक्सा पास मान्यता प्राप्त कन्सलटेन्सी बाट निर्मित नापी, नक्सा र सम्बन्धि मापदण्ड, कार्यविधि शिघ्र निर्माण गरि कार्यान्वयनमा ल्याउन नगरपालिका वोर्डलाई निर्देशन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५

नगर क्षेत्रभित्रका सडक स्तरउन्नती र थप विकास गर्न मापदण्ड निर्माण गरि कार्यान्वयनमा ल्याउन न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १६

पर्यटकीय, एवं धार्मिक क्षेत्रको रुपमा विकसित हुदै गईरहेको टुटेश्वर महादेव मन्दिर , पंचधुरा माईमन्दिर, शिव मन्दिर लगाएत अन्य सम्भवना भएका स्थानहरुलाई पहिचान गरि आन्तरिक तथा बाह्य पर्यटनको विकास गर्न सकिने हुदा र उक्त क्षेत्रको विकास नगरपालिकाको मात्र स्रोत र साधनले प्रभावकारी कार्य तथा योजनाहरु संचालन गर्न नसक्ने हुदा नेपाल सरकार भौतिक तथा आवास मन्त्रालय , पर्यटन वोर्ड अन्य संम्बन्धि संघ,संस्थाहरुको सहयोग र सहकार्यमा मठ मन्दिर वनक्षेत्र तथा सिमसार क्षेत्रको संरक्षण विकासको लागि कार्य संचालन गर्न सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. १७

स्थानिय स्वायत्त शासन ऐन २०५५ को दफा १३३ बमोजिम नगरपालिकाको बैठकमा भाग लिने नगरपालिका सदस्यहरुलाई एक बैठकको रु.४००। (अक्षरेपी चारसय) भत्ता उपलब्ध गराउने र कुने पनि संघ, संस्था राजनितिदलहरु लाई कुने पनि आ.स. रकम कार्यक्रम र परिषद्को निर्णय विना उपलब्ध नगराईने निर्णय गरियो ।

## निर्णय नं. १८

यस बर्दिवास नगरपालिका क्षेत्रभित्र बन्न लागेको र बनी सकेका सबै किसिमका घर तथा भवनहरुको न.पा.ले रेकर्ड राखी विकास सम्बन्धि योजना तथा कार्यक्रम तय गर्नु पर्ने, उक्त घर तथा भवनहरुको नक्सा पास गर्नु पर्ने र स्वा.शा.ऐ.मा भएको व्यवस्था अनुरुप आन्तरिक स्रोत बृद्धिगर्न तपशिल बमोजिम नक्सा पास दस्तुर लिने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | घर तथा भवनको विबरण | भुई तल्ला (प्रति वर्गमिटर) | पहिलो तल्ला (प्रति वर्गमिटर) | दोश्रो तल्ला (प्रति वर्गमिटर) | तेश्रो तल्ला (प्रति वर्गमिटर) | चोथो तल्ला (प्रति वर्गमिटर) |
|---|---|---|---|---|---|---|
| १. | सिमेन्ट र इटाको जोडाइ भएको पक्की घर (भवन) | २। | ३। | ३।५० | ४। | ४।५० |
| २. | अन्य घर टहराहरु | १। | २। | ०। | ०। | ०। |

नोटः प्रत्येक घरको नक्सा पास गर्दा रु.५००। (पांचसय) प्राविधिक तथा प्रशासनिक दस्तुर थप लाग्ने छ ।

## निर्णय नं. १९

लेखा प्रणाली लाई व्यवस्थित र कर, मालपोत रकम ,दस्तुर अशुल तथा घटना दर्ता, सामाजिक सुरक्षा रकम प्राप्त गर्ने व्यक्तिहरुको नामावलि अद्यावधिक समेत गर्न सफ्टवेयर प्रणाली अपनाउने र लाग्ने खर्च न.पा.को आन्तरिकस्रोत बाट खर्च गर्ने गरि यि व्यवस्था गर्न न.पा.वोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं. २०

यस नगरपरिषदको बैठकबाट छलफल भई अनुसुचिमा उल्लेख भएको विषयहरु परिषदको निर्णयको रुपमा लिनेगरि अनुसुचिमा समावेश गर्ने र स्थानिय स्वायत्त शासन ऐन २०५५ को दफा २६४ तथा स्थानिय स्वायत्त शासन नियावली २०५६ को नियम २७४ ले दिएको अधिकार प्रयोग गरि नगरपरिषदले गर्नुपर्ने काम गर्नका लागि अधिकार न.पा. वोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

### निर्णय नं. २१

नगरपालिकाले निम्नानुसारको विनियम तथा  निर्देशिककाहरु समय सापेक्ष बनाउन र स्वीकृतको लागि नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

- मर्मत सम्भार कोष संचालन निर्देशिका २०६६
- स्वस्थ्य सरसफाई तथा वातावरण निर्देशिका २०५०
- भवन निर्माण तथा सडक मापदण्ड निर्देशिका २०६१
- आर्थिक प्रशासन विनियम २०५९
- नगरपालिका साझेदारी विकास कोष (संचालन व्यवस्थापन) निर्देशिका २०६१

## निर्णय नं. २२

नगरपालिकामा स्वीकृत दरबन्दी अनुसार पदको नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम तलब प्रतिवेदन पारित गर्न न.पा. वोर्डलाई निर्देशन दिने तथा पारित तलबी प्रतिवेदन अनुसार न.पा.का कर्मचारीहरुलाई तलब भत्ता उपलब्ध गराउने भनि निर्णय गरियो ।

## निर्णय नं. २३

न.पा. क्षेत्रमा रहने वेवारिसे लास सदगत गर्न प्रति लाश रु.५०००। (पाचहजार) उपलब्ध गराउने  निर्णय गरियो ।

### निर्णय नं. २४

नगरपालिकाको कार्य संचालन तथा प्रथम नगरपरिषद् सम्पन्न गर्ने कार्यको लागि प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग र सल्लाह र सुझावदिने राजनेतिक दल, राजस्व परामर्श समिति, एकिकृत योजना तर्जुमा समिति, विभिन्न संघ, संस्था, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकाय, न.पा.को पूर्व जनप्रतिनिधि, उधोग वाणिज्य संघ, बजेट तर्जुमा समिति,न.पा.का कर्मचारी परिवार उधोगी, व्यापारी,समाजसेवी,पत्रकार,बुद्धिजिवी र सवे नगरवासीलाई धन्यवाद दिने निर्णय गरियो ।

### निर्णय नं. २४

बर्दिवास नरपालिका कार्यालय भवन रहने स्थान बर्दिवास वजारमा रहने छ, भनि  नेपाल सरकारबाट स्थान तोकिदिएको हुदा हाल भएको जग्गाले नया बन्ने न.पा.भवन लाई प्रर्याप्त नहुने हुदा श्री जनता उच्च मा.वि. बर्दिवास संग आवश्यक जग्गा माग गर्न एक जग्गा प्राप्ति समिति गठन गरि पहल कदमी गरिने छ ।

### निर्णय नं. २५

बर्दिबास न.पा. वडा नं. २ स्थित रहेको राम जानकी मन्दिर, गुठीको स्वामित्वमा रहेको जग्गा ब्यत्तिहरुको हकभोगमा रहेको छ भन्ने थाहा हुन आएकोले सो जग्गा सार्वजनिकिकरण गर्ने र बजार पश्चिम पोखरी भन्दा दक्षिण तर्फको सार्वजनिक जग्गामा Children Park निर्माण गर्ने निर्णय गरियो ।

### निर्णय नं. २६

निर्णय नं. १० अनुसारको कर्मचारी संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट सहमती प्राप्त भए पश्चात स्थानिय स्वायत्त शासन ऐन अनुसार कर्मचारी पद पुर्ति समिती गठन गरि कर्मचारी भर्ना गर्न नगरपालिका बोर्डलाई अख्तियारी दिने निर्णय गरियो ।

### निर्णय नं. २७

गत वर्ष २०७०/०७१ को परिषदले निर्णय गरि २०७१/०७२ मा प्रस्तावित योजनाहरु अनुमोदन र उक्त योजना तथा कार्यक्रममा केही संसोधन गरि निम्नानुसार योजना तथा कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

## तपसिल

## बर्दिबास नगरपालिका वडा नं. १,२ र ३(बर्दिवास)

| क्र.स. | योजना तथा कार्यक्रमको विवरण | विनियोजित रकम |
|---|---|---|
| १. | उद्योग वाणिज्य संघ भवन निर्माण | १,००,००० |
| २. | कवर्ड हल भवन निर्माण सहयोग | १,००,००० |
| ३. | देउराली उ.मा.वि. पर्खाल निर्माण | १,००,००० |
| ४. | ज.उ.मा.वि. पर्खाल निर्माण | १,००,००० |
| ५. | जनता बहुमुखी क्याम्पस पर्खाल निर्माण | ३,००,००० |
| ६. | वडा नं. १,२ र ३ मा रिंङरोड निर्माण | ५,००,००० |
| ७. | वडा नं. १,२,३ मा विद्युत्तिकरण (पोल र तार) खरिद | ५,००,००० |
| ८. | वडा नं. १,२,३ मा रहेको बाटोहरु स्तर उन्नती | २,००,००० |
| ९. | वडा नं. १,२,३ मा रहेको विभिन्न बाटोमा हाल्न होमपाइप खरिद | ३,८०,००० |
| | जम्मा रकम | २२,८०,००० |
| १०. | लक्षित तर्फ (बालबालिका कार्यक्रम संचालन) | ४२,००० |
| ११. | लक्षित तर्फ (महिला शसक्तिकरण कार्यक्रम संचालन) | ६३,००० |
| १२. | आदिवासि जनजाती कार्यक्रम संचालन | ४२,००० |
| १३. | दलित उत्थान कार्यक्रम संचालन | ४२,००० |
| १४. | अपाङ्ग कार्यक्रम संचालन | ४२,००० |
| १५. | पिछडावर्ग कार्यक्रम संचालन | ४२,००० |
| १६. | कृषि तर्फ रातुखोला सिचाई, मर्मत संभार<br>कृषि बाटो फारस हमालको घर छेउको पुर्व जाने बाटो | ५५,०००<br>१,००,००० |
| | जम्मा | २७,०८,००० |

## बर्दिबास नगरपालिका वडा नं. ४,५ र ६ (गौरिबास)

| क.स. | योजना तथा कार्यक्रमको विवरण | विनियोजित रकम |
|---|---|---|
| १ | साविक २ वाट ३ पाटु जोड्ने बाटो | ५०,००० |
| २. | साविक २ विद्यालयमा प्राविधिक व्यबस्थापन | ७०,००० |
| ३. | साविक वडा नं. ३ को बाटो मर्मत घारि टोल | ५०,००० |
| ४. | साविक वडा नं. ४ को बाटो मर्मत | ४०,००० |
| ५. | साविक वडा नं. ५ भब्सि विद्यालयको फर्निचर | ४५,००० |
| ६. | साविक वडा नं. ३ पाटु विद्यालयको फर्निचर | ४८,००० |
| ७. | साविक वडा नं. ७ कालापानी विद्यालय पर्खाल | ५०,००० |
| ८ | साविक वडा नं. ६र ७ कालापानी बाटो मर्मत | ५०,००० |
| ९. | साविक वडा नं. ५ भब्सि तटवन्ध कार्यक्रम | ४०,००० |
| १०. | साविक वडा नं. ८ राजावास पोखरि निर्माण | ५०,००० |
